RISMFP बुलेटिन वर्ष ५ अंक १ मंसीर – फाल्गुन, २०७३ , साना तथा मझौला कृषक आयस्तर बृद्धि आयोजना (RISMFP)




## यस अंकको विशेष

❒ आयोजनाको चौमासिक प्रगती : एक झलक १
❒ सफलताको कथा : आलुमा सफल गाउँ २
❒ महको नमुना मूल्य श्रृंखला विकासमा रिजमएफपीको प्रयास ३
❒ आयोजना अन्तर्गत हालसम्ममा कृषि व्यवसाय अनुदान सहयोगको बस्तुस्थिति ४

**संरक्षक :**

गोकर्ण राज अर्याल
आयोजना निर्देशक

**सम्पादक मण्डल :**

रुद्र प्रसाद पौडेल
अनुगमन तथा मूल्यांकन अधिकृत

देवराज भुसाल
अनुगमन तथा मूल्यांकन अधिकृत

दिलिपजङ्ग राना
योजना अधिकृत

कुल प्रसाद निरौला
मूल्य श्रृंखला विकास (कृषि व्यवसाय) विज्ञ

दिपेन्द्रश्याम घिमिरे
MIS विज्ञ


**सम्पर्क ठेगाना :**

साना तथा मझौला कृषक आयस्तर बृद्धी आयोजना
आयोजना व्यवस्थापन इकाई, नेपालगञ्ज

फोन नं. : ०८१–५२८३०६
ईमेल : info@rismfp.gov.np
बेबसाइट : www.rismfp.gov.np

## कृषि व्यवसाय अनुदान कोषको यस चौमासिकका विशेष एवं अनुदान प्रक्रियाको हालसम्मको बस्तुस्थिति

आयोजनाको दोश्रो चौमासिकमा कृषि व्यवसाय अनुदान कोषको कार्य प्रगती तर्फ हेर्दा विशेष रुपमा उच्च मुल्य जाने बस्तुमा १९३६ हेक्टर थप क्षेत्रफल विस्तार भएको र वाली उत्पादन २५१७३ मे.टन रहेका पाइन्छ । सिचाई तर्फ थप १०४७ हेक्टर क्षेत्रफल थप सिंचित रहेको र व्यवसायिक कृषि कार्यमा फार्म प्रविधि विकासका लागि थप ३१ पावर टलर खरिद भै संचालनमा आएको, १३०४४ वटा प्लाष्टिक क्रेट खरिद भएको , १४० वटा स्प्रेयर टंकी खरिद भै संचालनमा आएको, ८२२ वटा हजारी , थप २२५२ प्लाष्टिक हाउस निर्माण भैका , २ वटा ल्याव संचालनमा आएको देखिन्छ भने ४६ वटा प्रशोधन भवन, ४९६७ मे.टन क्षमताका गोदाम घर, ३०२५ मे.टनका २ वटा शितगृह र ५८ वटा संकलन केन्द्र निर्माणधिन अवस्थामा रहेको देखिन्छ । यस चौमासिकमा कृषि व्यवसायिक क्रियाकलापहरुवाट रु. ९८३९६ प्रति घर परिवारको आम्दानी बृद्धि भएको अवस्था देखिन्छ भने कृषि व्यवसायिक कार्यमा थप ७३ वटा कृषक समुह, ७४ वटा सहकारी , १२३ वटा निजी उधमी र २ वटा बजार समिति गरी ७६६६ प्रत्यक्ष लाभान्वीत रहेको देखिन्छ जसमध्ये ५८ प्रतिशत महिला लाभान्वीत भएको अवस्था पाइन्छ ।




## कृषि विकास मन्त्री तथा राज्यमन्त्रीको टोलीद्धारा उपआयोजनाहरू अनुगमन



माननीय कृषि विकास मन्त्री गौरी शंकर चौधरीवाट कैलाली जिल्ला अन्तर्गतका विभिन्न उप आयोजनाहरुमा विविध कार्यक्रममा यही २०७३ साल मंसीर २५ र पौष ५, ७ तथा माघ २२ गते आयोजनाका सहयोगमा संचालित उप आयोजनाहरुको स्थलगत अवलोकन एवं विशेष कार्यक्रममा सहभागीता रहेको थियो । माननीय कृषि विकास मन्त्रीज्यूवाट मंसीर २५ गते आयोजनाको सहयोगमा संचालित कृषा एग्रो ईण्डष्ट्रिज, लम्की चुहा १५ मा प्रशोधन भवनको शिलन्यास गरी यसको दिगो संचालनको सुभेक्षा गर्नु भएको थियो भने पौष ५ मा परिश्रमी कृषि सहकारी संस्था, गदरिया ९ मा अन्तिम सार्वजनिक सुनुवाई कार्यक्रममा विशेष सहभागीता जनाई उप आयोजनाका गतिविधिहरु प्रशंसनिय भएको, आयोजनाको सहयोग उपयोगी रहेको साथै यसवाट कृषकहरुको आम्दानी बृद्धिमा सहयोग पुर्याएको महशुस भएको जानकारी दिनुभएको थियो । यसैगरी पौष ७ गते जयशिद्धवावा सहकारी संस्था लिं, चौमाला १, खुरखुरियामा संकलन केन्द्रको शिलन्यास गर्दै यसको समयमै कार्य सम्पन्न र सदुपयोगको शुभेक्षा प्रकट गर्नुभएको थियो भने माघ २२ गते आयोजनाकै सहयोगमा निर्माण गरिने नेपाल बिजबृद्धी उद्योग, लम्की चुहाको प्रशोधन भवनको शिलन्यास गर्नुभएको थियो । उक्त शिलन्यास कार्यक्रममा माननीय कृषि विकास मन्त्रीज्यूवाट यस उप आयोजनावात उत्पादन गरिने उन्नत विज मार्फत कृषकहरुमा सहज आपूर्ती हुन गई उत्पादकत्व तथा उत्पादन बृद्धि भई व्यवसायिकतामा समेत सहयोग पुग्ने अपेक्षा प्रकट गर्दै यसको सफल संचालनको शुभकामना दिनुभएको थियो ।



यसैगरी माननीय कृषि राज्यमन्त्री राधिका तामांगको उच्च अनुगमन टोलीबाट यही कार्तिक २५ र २६ मा आयोजनाको पुरक अनुदानमा सञ्चालित उपआयोजनाहरुको अनुगमन सम्पन्न भएको छ । सो अवसरमा बाँके जिल्लामा श्याम सुन्दर च्याउ खेती उद्योग, कैलाश कृषि सहकारी संस्था लिमिटेड तथा सुर्खेत जिल्लामा साना किसान कृषि सहकारी संस्था लिमिटेड, छिन्चु महिला साना किसान कृषि सहकारी संस्था, गाग्रेताल महिला कृषि तथा पशुपालन सहकारी संस्था लिमिटेड तथा ईन्द्रेणी एग्रो प्रा.लि. द्धारा उपआयोजनाहरु समेत अनुगमन भएको थियो । सो क्रममा माननीय राज्यमन्त्रीले आयोजनाबाट महिलाहरु बढी मात्रामा लाभान्वित भएको हेर्न पाउँदा आयोजनालाई धन्यवाद ज्ञापन गर्नुभयो र समग्रमा आयोजना कार्यान्वयन अवस्था सन्तोषजनक रहेको तथा आयोजनालाई अझै बढी प्रभावकारी कार्यान्वयनका लागि सुझावहरु समेत दिनुभएको छ ।

## सफलताको कथा

# आलुमा सफल गाउँ



गदरिया-९ सामरचौरा कैलालीका २२ वर्षिय रामजीवन चौधरीको अवस्था दुई वर्ष अघिसम्म के खाउँ, के लाउँ भन्ने थियो । सानोमा कापी किताब र ड्रेस किन्ने पैंसा नहुँदा उनले स्कूल जान छाडे । गाउँमा भएको आधा विघा जमिनको अन्नले खान पनि पुग्दैनथ्यो । गाउँमा ज्याला मजदुरी गरेर उनले परिवारको खर्चसँगै आफ्नो पढाई खर्च जुटाउँथे तर अहिले रामजीवनको अवस्था फेरिएको छ । त्यही आधा विघा जमिनको कमाईबाट उनले घर परिवारका लागि खाने लाउनेदेखि बहिनिहरुको पढाई खर्च पनि जुटाएका छन् ।

गाउँमा सहकारी खेती सुरु भएपछि उनको आर्थिक अवस्था सुध्रिएको हो । परिश्रम कृषि सहकारी संस्था लिमिटेडमा आवद्ध सामरचौराका कृषकहरु दुई वर्षदेखि आलु खेतीतर्फ आकर्षित भएपछि रामजीवनजस्ता कम जमिन भएका कृषकहरुलाई निकै फाइदा पुगेको छ । 'अहिले परिवार पाल्न कुनै समस्या छैन' उनले भने, 'विगतको तुलनामा आर्थिक अवस्था निकै सुध्रिएको छ ।' उनले आफूसँग भएको आधा विघा जमिनमध्ये ४ कठ्ठामा मात्रै ८० बोरा आलु उत्पादन गरे । बजारमा बिक्रि गर्दा डेढ लाख बढी आम्दानी भयो । बिउ र घरमा खानका लागि पनि पर्याप्त मात्रामा आलु राखेका छन् । त्यही खेतमा आलु खनेपछि उनले मकै र सूर्यमुखी लगाए । त्यसबाट पनि राम्रै आम्दानी भयो ।

सामरचौराकै राजेन्द्र चौधरीले पनि आलुखेतीबाट निकै फाइदा लिएका छन् । उनले पनि आधा विघामा आलु लगाएर डेढ लाख बढीको बिक्री गरे । 'आलु बेचेर सानोखाले पावर टिलर किनेको छु' उनले भने, 'वर्षभरि खान र परिवारको खर्च पनि यहीबाट भएको छ ।' उनले आधा विघामा खान र बिउका लागि राखेर १ सय २० बोरा आलु बेचेका थिए । नेपाल सरकार, कृषि विकास मन्त्रालय, कृषि विभाग अन्तर्गत एशियाली विकास बैंकको सहयोगमा संचालित साना तथा मझौला कृषक आयस्तर बृद्धि आयोजनाले आर्थिक तथा प्राविधिक सहयोग गरेपछि गाउँका अधिकांशले आलुखेती सुरु गरेका छन् ।

परिश्रम कृषि सहकारी संस्थामा आवद्ध भएका उक्त वडाका ५३ जना कृषकले १६ हेक्टरमा आलु खेती गर्छन् । गत वर्ष २ हजार ८ सय ७० क्विण्टल आलु बिक्री भएको सहकारीका व्यवस्थापक रामसमझ चौधरीले बताए । 'गाउँबाट करिब एक करोड बढीको आलु बिक्रि भयो' उनले भने, 'सबै कृषकले आधा विघादेखि ३ विघा सम्ममा आलु लगाएका थिए ।' रिजमले तरकारी संकलन केन्द्र निर्माणसँगै कृषियन्त्र, पावरटिलर, पानी टयांकी, स्प्रे, सिंचाइका लागि डिप ट्युववेल तथा साना सिंचाई आयोजनामा सहयोग गरेको सहकारीका अध्यक्ष रामसुन्दर चौधरीले बताए । 'कृषकहरुलाई बेला बेलामा विभिन्न किसिमका तालिम तथा प्राविधिक ज्ञान सिप पनि प्रदान गर्दै आएको छ' उनले भने, 'रिजमबाटै यहाँका कृषकहरुको आयस्तर माथि उठेको छ ।' उनका अनुसार घर परिवारका वालवालिकादेखि बृद्धबृद्धासम्म सबै काममा जुटेकाले आलु उत्पादनमा अकल्पनिय सफलता मिलेको हो ।

सहकारीमार्फत आलु खेती गरेर नमुना बनेको परिश्रम कृषि सहकारी संस्था लिमिटेड जिल्लाकै उत्कृष्ट सहकारी भएको छ । जिल्ला कृषि विकास कार्यालय कैलालीले असार तेस्रो साता उक्त सहकारीलाई २ लाख १३ हजार अनुदान वितरण गऱ्यो । 'एक लाख बिउ कोषका लागि र बाँकी शित भण्डारको भाडा तिर्न उक्त अनुदान दिइएको हो,' व्यवस्थापक रामसमझले भने, 'यसले सहकारीमार्फत तरकारी खेतीमा लाग्न थप हौसला प्रदान गरेको छ ।' कृषि विकास कार्यालयले नयाँ उन्नत जातको आलुको बिउका लागि अनुदान दिएकाले त्यही अनुसार आलुको बिउ खोजिने उनले बताए । यहाँका कृषकहरुले बर्दियाबाट आलुको बिउ ल्याउने गरेका छन् ।

सहकारीमा २ सय ८ जना सदस्य भएपनि सामरचौराका कृषकहरु मात्रै व्यवसायिक खेतीमा लागेका छन् । व्यवसायिक खेतीमा लागेका कृषकहरुको जीवनस्तरमा पछिल्लो एक/दुई वर्षमै निकै परिवर्तन आएको उनीहरु बताउँछन् । 'सबैले छोराछोरीलाई बोर्डिङमा पढाउन थालेका छन्,' अध्यक्ष रामसुन्दरले भने, 'अलि बढी खेतीपाती भएकाले मोटरसाईकल र पावरटिलर जस्ता कृषि यन्त्रहरु पनि किनेका छन् ।' यहाँका कृषकहरुले आलु खेतीसँगै अन्य बेमौसमी तरकारी खेती पनि गर्दै आएका छन् । उनीहरु काँक्रा, लौका, फर्सी, घिरौला, करेला, बोडी, काउली, बन्दा लगायतका तरकारीहरुको उत्पादनतिर लागेका छन् ।

असोजमा लगाएको आलु माघ फागुनमा खनेर ग्रेडिङ गरेपश्चात केहि दिन सुकाएपछि बिक्रि गरिन्छ । चैत, वैशाख र जेठसम्म यहाँ जतातते आलु नै आलु देखिन्छ । सहकारीको कार्यालमा आलु ल्याउने कृषक र खरिद गर्ने व्यापारीको भीड लागेको हुन्छ । 'यो क्रम जेठ अन्तिमसम्मै चल्छ' व्यवस्थापक रामसमझले भने, 'त्यसपछि बिउका लागि शीत भण्डारणमा राख्न आलु जम्मा गर्छौं ।' उनका अनुसार यसवर्ष बिउका लागि महेन्द्रनगरस्थित शीत भण्डारमा ६ सय क्विण्टल आलु राखिएको छ । उक्त आलुको बिउ शीत भण्डारमा राखेको भाडा मात्रै २ लाख २६ हजार तिर्नुपर्नेछ ।

बलौटे र पानी नजम्ने खालको यहाँको माटो आलु खेतीका लागि निकै उपयोगी छ । रिजमले सिंचाईको समेत व्यवस्था गरिदिएपछि कृषकहरु निर्धक्क भएर आलुखेतीमा लागेका छन् । यहाँ खासगरी कार्डिनल, पिर्कौली र टिपिएस जातको आलु लगाइन्छ । पहिलो वर्ष मूल बिउ बर्दियाका विभिन्न फार्महरुबाट ल्याए पनि दोस्रो वर्षदेखि सबैले आफ्नो लागि शीत भण्डारमा बिउ राख्न थालेका छन् । नजिकै शित भण्डार नहुँदा कृषकहरुले महेन्द्रनगरसम्म ढुवानी गर्नुपरेको उनीहरु बताउँछन् ।

परम्परागत धान गहुँ खेतीभन्दा आलु खेतीमा धेरै फाईदा हुने यहाँका कृषकहरु बताउँछन् । उनीहरुका अनुसार एक कठ्ठामा धान गहुँ बढीमा एक क्विण्टल मात्रै फलाउन सकिन्छ । तर आलु भने ७ देखि ११ क्विण्टलसम्म फलाउन सकिने उनीहरु बताउँछन् । 'यहाँका कृषकहरुले कम्तीमा ७ र बढीमा ११ क्विण्टलसम्म आलु फलाएका छन्' सहकारीका अध्यक्ष राम सुन्दरले भने, 'जसको मुल्य २० देखि ३० हजार हुन्छ, एक किवण्टल गँहुको मुल्य २ हजार पनि पुग्दैन ।' समरचौरा गाउँको अनुहार पनि यही आलु खेतीले फेरिएको उनले बताए ।

**साभार : साना तथा मझौला कृषक आयस्तर बृद्धि आयोजनावाट प्रकाशित सफलताको कथावाट*

### हार्दिक अनुरोध :

साना तथा मझौला कृषक आयस्तर बृद्धि आयोजनावाट भए गरेका क्रियाकलापहरुको सन्देश कृषि व्यवसाय सरोकारवालाहरुका लागि महत्वपुर्ण जानकारी हुनसक्ने भएकोले आयोजनाका जिल्लाहरुमा भएका सफल क्रियाकलापहरु यस बुलेटिन मार्फत प्रवाह गर्न सकिन्छ । यसर्थ आयोजनाका साझेदार निकाय, उप आयोजना संचालन गरिरहेका अनुदानग्राही संस्था र आयोजनाका सरोकार परामर्शदाताहरु र राष्ट्रिय , क्षेत्रीय र जिल्लास्तरमा क्रियाशिल साझेदार गैससहरुबाट कृषि सन्देशका रुपमा रहेका सुचनाहरु आयोजना व्यवस्थापन ईकाई वा सम्वन्धित अनुगमन तथा मूल्यांकन अधिकृतमा उपलव्ध गराई सूचना आदान प्रदान हार्दिक अनुरोध गर्दछौ !!!!

**सम्पादक मण्डल**

## १. महको बर्तमान अवस्था :

सन् २०१३ / ०१४ को कृषि तथ्यांक अनुसार नेपालमा मौरीको उत्पादनको अवस्था हेर्दा सन् २००४ /२००५ मा मौरी घार संख्या १३०००० र उत्पादन ६०० मे.टन को रुपमा रही करिव ४.६२ उत्पादकत्व प्रति घार प्रति बर्ष रहेको देखिन्छ भने यसको क्रमश: बृद्धि हुदै सन् २०१३ / २०१४ मा आएर मौरी घार संख्या १७०००० र उत्पादन करिव १६५० रही ९.७१ उत्पादकत्व प्रति घार प्रति बर्ष रहेको पाइन्छ ।
यसैगरी आयोजना लागु भएका जिल्लामा महको बर्तमान अवस्था हेर्दा आयोजना जिल्लामा आधुनिक मौरी घार संख्या करिव १५६७८ र परम्परागत करिव ९६४८ गरी जम्मा २५३२६ रहेको देखिन्छ जसवाट मह करिव ३४७ मे.टन उत्पादन रहेको छ जुन देशकै उत्पादनको करिव ३१ प्रतिशत हिस्सा ओगटेको पाइन्छ ।

## २. महको विकासमा समसामयिक समस्या तथा सवालहरु :

- मौरीपालक तथा मह उत्पादकका समसामयिक समस्या तथा सवालहरु :प्रयाप्त प्राविधिक सीपको अभाव, न्युन उत्पादकत्व, सामाग्रीको चर्को मुल्य, रानी मौरीको सजातिय प्रजनन अभाव, प्रयाप्त चाल पूंजीको अभाव तथा मौरी चरन क्षेत्रको अभाव आदि ।
- मह संकलक एवं व्यापारीका समसामयिक समस्या तथा सवालहरु :अनियमित आपूर्ती र उत्पादकको विश्वसनियताको अभाव, थोक व्यापारी, संकलक एवं उत्पादक विच आधिकारिक व्यापारीक संझौता नहुनु आदि । कच्चा मह खरिदका लागि प्रयाप्त चालु पूंजीको अभाव, कर नीति फेरबदल भैरहने कारणले बुझाईमा समस्या, उत्पादनको मात्रा थोरै भएकोले गुणस्तरमा एकरुपता कायम राख्न कठिनाई, भण्डारणका लागि गुणस्तरिय सामाग्रीको अभाव तथा बजारमा सामाग्रीहरुको नियमति आपूर्तीमा कमी र प्रयाप्त संकलन, परिक्षण र प्याकेजिगं सुविधाको अभाव आदि ।
- मह प्रशोधनकर्ताका समसामयिक समस्या तथा सवालहरु : प्रशोधन लागत स्थापित हुन नसक्नु, प्राविधिक कर्मचारी तथा श्रमको अभाव, उत्पादन तथा प्रशोधन बीचको व्यवसायिक सामन्जस्यता नहुनु, महको गुणस्तरमा चेतनाको अभाव एवं व्यवसायिक प्रतिस्पर्धा नहुनु र गर्न नसक्नु आदि ।

समग्रमा हेर्दा महको गुणस्तरयूक्त उत्पादन सामाग्रीहरुको उपलव्धतामा कमि,कम उत्पादकत्व, आर्थिक रुपले कमजोर उत्पादन परिमाण, कमजोर संकलन व्यवस्थापन,उत्पादनको गुणस्तर, उत्पादन पाश्चातका कृयाकलापमा कमि,कृषि व्यवसायमा लगानिको अभाव, मूल्य अभिवृद्धि कम हुने तथा मूल्य श्रृंखलाका सरोकारवालाहरु विच कमजोर सम्वन्ध तथा सुचना प्रवाह र क्षेत्रिय, राष्ट्रिय, तथा अन्तराष्ट्रिय वजारमा पहुंचको कमि रहेको अवस्था छ ।

## ३. आयोजना जिल्लामा मह मुल्य श्रृंखला विकासका लागि गरिएका प्रयास

- मध्य तथा सुदूर-पश्चिमाञ्चल विकास क्षेत्रका १० जिल्लामा साना तथा मझौला कृषकहरुको ब्यापार/ब्यवसायको बजार जोखिम घटाउनमा सहयोग पुर्याउने उद्धेश्यवाट आयोजनाले प्राथमिक गरिएका १० उच्च मूल्य कृषि वस्तुमा महलाई पनि छनौट गरी मूल्य श्रृंखला विकासमा कृषकलाई सहयोग गर्ने भन्ने निर्दिष्ट उद्धेश्य रहेको ।
- मूल्य श्रृंखला अवधारणालाई व्यवासायिक समस्या र नयाँ चुनौतीहरु बहन गर्नका लागि ब्यापार रणनीतिको रुपमा लिई साना उत्पादकहरुको मूल्य श्रृंखलामा न्युन पहुंच र उत्पादन पश्चात कार्य गर्ने कृषि व्यवसायीहरु (सामाग्री आपूर्तीकर्ता, संकलक, व्यापारी, प्रशोधनकर्ता) संगको समेत कमजोर व्यवसायिक सम्वन्ध रहेको परिप्रेक्ष्यमा उत्पादनहरुको उचित बजार प्राप्ती र प्रतिस्पर्धि हुनका लागि बिभिन्न तहमा रहेका ब्यवसायहरु बीचको सहकार्यको कडी वा सञ्जाल लागि मह मुल्य श्रृंखलाको विकास तथा यसको कार्य दक्षताका लागि कृषक समुह र सहकारी एवं नीजी व्यवसायीहरुकै सक्रियतावाट सामुहिक व्यवसायिक सहकार्य मार्फत सम्वन्धित महको मूल्य श्रृंखला विकासका गर्ने कार्यका लागि आयोजनाले सहजीकरण कार्य गरिरहेको छ ।
- मह मूल्य श्रृंखलालाई प्रतिस्पर्धी वनाउनु, श्रृंखलामा मूल्य अभिवृद्धि गर्नु ,मूल्य श्रृंखलाका कर्ताहरुको मुनाफा वृद्धि गर्नु,विशेष गरेर ग्रामिण भेगहरुमा रोजगारको अवस्था सृजना गर्नु,मूल्य श्रृंखलामा गरीव, विपन्न तथा महिला हरुको पहुँच वृद्धि गरी उनिहरुको आय आर्जन वढाउनु एवं मूल्य श्रृंखला लाई समावेसी वनाउनु जस्ता कार्यहरु संचालनमा रहेका छन् ।जस अन्तर्गत आयोजनाका निम्न सहयोगी कार्यहरु गरिरहेको भैरहेको छ :
  - मुल्य श्रृंखला अन्तर्गत सामाग्री आपूर्ती तहमा सहज सामाग्री आपूर्ती मार्फत गुणस्तरिय तथा परिमाणात्मक मह उत्पादनका लागि आवश्यक सामाग्रीका रुपमा गोला सहितको मौरी घार, रानो मौरी तथा अन्य मह उत्पादनका लागि आवश्यक सामाग्री निर्माण गर्न ३ वटा उप आयोजनामा आयोजनाको कृषि व्यवसाय अनुदान सहयोग ।
  - मुल्य श्रृंखला अन्तर्गत मह उत्पादन तहमा उत्पादन तथा उत्पादकत्वको बृद्धिका लागि उत्पादनमा स्तरउन्नती ,फार्म प्रविधि तथा विस्तारमा मौरी गोला विस्तार, मौरीपालन संग सम्वन्धित औजार तथा उपकरण सहयोग, गुणस्तर कायम गर्ने खालका औजारहरु स्टेलनेस स्टिलको मह मदानी, मह राख्ने भाडो आदिमा ३० वटा उप आयोजनामा कृषि व्यवसाय अनुदान सहयोग गरिएको ।
  - मुल्य श्रृंखला अन्तर्गत मह संकलन तथा अर्धप्रशोधन तहमा मह संकलन केन्द्र स्थापना, मह मदानी तथा संकलन तथा भण्डारण गर्ने भाडा आदि सहयोग गरिएको ।
    बजारमा आधारित बस्तु विकास तथा विविधिकरण एवं बजारीकरणका लागि साना मह उत्पादकहरुलाई प्रशोधनकर्तासंगको व्यवसायिक सम्वन्धका लागि अन्तरनिहित सेवा मार्फत प्रशोधनका लागि प्रशोधनका लागि आवश्यक गुणस्तरिय तथा आवश्यक परिमाणात्मक रुपमा सहज आपूर्ती व्यवस्था र प्रशोधन तथा बस्तु विकासका लागि प्याकेजिगमा आधारित आधुनिक मेशीन तथा औजार एबं पूर्वाधार विकासमा ५ वटा प्रशोधनमा आधारित उप आयोजनाहरुमा आयोजनाको कृषि व्यवसाय अनुदान सहयोग ।
  - मुल्य श्रृंखला विकासमा समानान्तर व्यवसायिक कार्यको एकिकरण (एकै श्रृंखला भित्रको संवन्ध समुहगत रुपमा कार्यक्षमतामा वृद्धी, उत्पादन परीमाण संकलन तथा वृद्धि र मोलतोल क्षमता मा बृद्धि ( उत्पादन साधन र उत्पादन विक्रीमा) तथा अन्तिम बजार सम्म बस्तु वितरण (विभिन्न तहमा रहेका श्रृंखलाहरु विचको सम्वन्ध, जस्तै - उत्पादन - प्रशोधन - वजारीकरण र उच्च वृद्धि दर कायम गर्न) का लागि सम्वद्ध कृषि व्यवसायीहरुको व्यवस्थापकीय क्षमता र दक्षताको विकासमा सहयोग
  - सहज व्यवसायिक वातावरणका लागि सहज निती तथा नियममा आवश्यक संसोधनका लागि बहुसरोकारवालाहरु वीच अन्तरक्रिया एवं गोष्ठी संचालन
  - आवश्यकतामा आधारित बजार केन्द्रित रही विशेष बजार प्रवर्द्धनात्मक क्षमता अभिवृद्धि तालिम तथा गोष्ठीको संचालन
  - दिगो बजार सम्वन्धका लागि सहजीकरण एवं व्यवसाय व्यवसाय विचको व्यवसायिक सहकार्यका लागि आपूर्ती सुनिश्चितताका लागि जिल्ला उद्योग वाणिज्य संघको रोहरवरमा खरिद विक्री संझौता समेत गरी मूल्य श्रृंखला विकासमा सहयोग
  - कृषि व्यवसायका सम्वद्ध सरोकारवालाहरुमा सहज बजार सूचनाको पहुंच गरी मूल्य श्रृंखला विकास गर्ने उद्धेश्यले आयोजनामा कार्यान्वयन निकायको रुपमा रहेको कृषि उद्यम केन्द्र मार्फत कृषि बजार सूचना प्रणालीको विकास गरी जिल्ला स्तरमा आयोजनाका मह लगायत प्राथमिक वालीहरुको बजार मूल्य संकलन तथा बेवसाइट, स्थानीय एफ एम एवं एस एम एस सेवा मार्फत प्रवाह
  - व्यवसाय सुसासनका लागि सार्वजनिक सुनुवाई, नियिमित अनुगमन तथा मुल्याकंन, व्यवसायिक प्रवर्द्धनका लागि जिल्ला तथा क्षेत्रीय मेलामा सहभागीता एवं एफ एम रेडियो मार्फत प्रचार प्रसार र होडिगं वोर्ड मार्फत उप आयोजनाको जानकारी जस्ता पारदर्शिता कायम गरिने क्रियाकलापमा सहयोग ।
  - निर्यातका लागि तोकिएका मापदण्डमा आधारित गुणस्तर कायम गर्नका लागि प्रविधि तथा प्राविधिक सहयोग पुग्ने क्रियाकलापमा कृषि व्यवसाय अनुदान सहयोग
  - मूल्य श्रृंखला विकासका लागि सरोकारवालाहरु वीच निर्धारित साझा लक्ष्यका लागि सम्वन्ध र सहकार्य ,सूचना, अनुभव तथा सिकाईको आदान प्रदान तथा साना तथा मझौला कृषिका व्यवसायिक सरोकारवालाहरु वीच व्यवसायिक सम्वन्ध मार्फत बजार जोखिम कम गर्ने एक माध्यमका लागि महको बहुसरोकारवाला मञ्च गठनका लागि सहजीकरण


## ३. मह मुल्य श्रृंखला विकासका प्रमुख उपलव्धिहरु :

- जम्मा लगानी गरिएका उपआयोजनाहरु : ५१ वटा ( सुदर पश्चिमाञ्चल विकास क्षेत्रको आयोजना जिल्लामा ३० वटा कृषि व्यवसाय र मध्यपश्चिमाञ्चल विकास क्षेत्रको आयोजना जिल्लामा २१ वटा कृषि व्यवसाय)
- उप आयोजनाको लागत सहभागिता कुल लागत रु: २३०.६९ करोड,अनुदानग्राही संस्थाको स्वलगानी रु : १२२.१९ करोड,कृषि व्यवसाय अनुदान सहयोग रु : १०८.५० करोड
- सामाग्री आपुर्ती कार्यमा आधारित १० वटा कृषि व्यवसायमा अनुदान रु : २७.४१ करोड
- उत्पादन कार्यमा आधारित ३५ वटा कृषि व्यवसायमा अनुदान रु : ५३.३६ करोड
- प्रशोधन कार्यमा आधारित ५ वटा कृषि व्यवसायमा अनुदान रु : २२.०६ करोड
- संकलन तथा बजारीकरण कार्यमा आधारित १ वटा कृषि व्यवसायमा अनुदान रु : ३.७९ करोड
- महको बहुसरोकारवाला मञ्च गठन तथा नमुना मुल्य श्रृखला विकासका लागि ४ वटा गोष्ठी तथा सरोकार वैठक सम्पन्न भैसकेको ।

## ४. अपेक्षित उपलव्धिहरु तथा उपलव्धि :

- मौरी घार संख्या १५७३६ ( ७२२७ संचालनमा आईसकेका)
- उत्पादन - मे.टनमा ३५०.६२ ( १७०.८९ मे.टन विक्री भैसकेको)
- प्रशोधन घर संख्या १० वटा निर्माण भई संचालनमा आउने
- संकलन केन्द्र १ निर्माण भई संचालनमा आउने
- प्रशोधन एकाई संख्या १० वटा निर्माण भई संचालनमा आउने





## आयोजना अन्तर्गत संचालनमा रहेका उप-आयोजनाहरुको लागत सहभागिता अवस्था

| जिल्ला | उप-आयोजना संख्या | उप-आयोजनाको कुल लागत | स्वीकृत कृषि व्यवसाय अनुदान | ए.डि.बि अनुदान | नेपाल सरकार अनुदान | अनुदान ग्राही संस्थाको लगानी |
|---|---|---|---|---|---|---|
| बैतडी | ३३ | ९९,६४५,३८७.४४ | ४६,५११,६७४.१२ | ३७,६३४,४९१.९० | ८,८७७,१८२.२२ | ५३,१३३,७१३.३२ |
| बाँके | ५१ | ६७४,४९५,११२.१६ | २२९,९२३,८००.६५ | १८६,३५१,३५५.५० | ४३,५७२,४४५.१५ | ४४४,५७१,३११.५० |
| बर्दिया | ४२ | ३३९,२८९,३०४.२३ | १३५,४७१,९३४.४५ | ११०,३७०,९७०.७६ | २५,१००,९६३.६९ | २०३,८१७,३६९.७८ |
| डडेल्धुरा | ४१ | २५६,८५२,४६६.६५ | १२१,५३८,४०१.२५ | ९९,७४८,८६७.८४ | २१,७८९,५३३.४१ | १३५,३१४,०६५.४० |
| दैलेख | ४० | १५१,११४,६१५.३१ | ७०,२७२,६६६.६९ | ५८,००१,६१२.४२ | १२,२७१,०५४.२७ | ८०,८४१,९४८.६२ |
| दाङ | ८१ | ७८७,५५१,२५८.९७ | २८३,४२६,२२४.०८ | २२९,९५१,१०६.२७ | ५३,४७५,११७.८१ | ५०४,१२५,०३४.८९ |
| दार्चुला | ५३ | १७२,८३६,१४४.५९ | ७६,९२०,५१३.९९ | ६३,८६४,३९४.३९ | १३,०५६,११९.६० | ९५,९१५,६३०.६० |
| डोटी | ३८ | ९०,३७४,३६४.३९ | ४१,२५१,९३२.६९ | ३५,६३३,०९७.४४ | ५,६१८,८३५.२५ | ४९,१२२,४३१.७० |
| कैलाली | ८५ | ८१५,१५०,४४९.७५ | ३६५,६०४,०७३.२७ | २९४,८६१,३३२.८१ | ७०,७४२,७४०.४६ | ४४९,५४६,३७६.४८ |
| सुर्खेत | ४३ | १६७,३८३,९९६.७२ | ८०,८६४,६८३.५० | ६५,४९८,८९०.४० | १५,३६५,७९३.१० | ८६,५१९,३१३.२२ |
| जम्मा | ५०७ | ३,५५४,६९३,१००.२१ | १,४५१,७८५,९०४.६९ | १,१८१,९१६,११९.७२ | २६९,८६९,७८४.९७ | २,१०२,९०७,१९५.५१ |

## हालसम्म सम्पन्न १४१ उप आयोजनाहरुको समिष्ठिगत रुपमा प्रमुख उपलब्धि तथा प्रतिफल : एक झलक

| सूचकहरू | इकाई | लक्ष | प्रगति |
|---|---|---|---|
| उत्पादन क्षेत्रफलमा बृद्धि | हेक्टर | १४२५ | १२२७ |
| सिंचित क्षेत्रफलमा बृद्धि | हेक्टर | १११६ | १११६ |
| प्लाष्टिक घरको निर्माण एवं खेती | संख्या | ३३० | ३३० |
| सिंचाई पोखरीको संख्यामा वृद्धि | संख्या | ३४ | ३४ |
| आधुनिक मौरीघारको प्रयोगको मात्रा वृद्धि | संख्या | ३४३९ | ३४३९ |
| च्याउखेतीका लागि वीउपोका प्रयोगको मात्रामा वृद्धि | संख्या | २६१९५ | २६१९५ |
| प्रशोधन सुविधाको सुदृढीकरण | संख्या | ११ | १० |
| प्रशोधन कार्यमा कच्चा पदार्थको प्रयोगको मात्रा वृद्धि | मेट/वार्षिक | ९१५ | ७२१ |
| प्रशोधित परिमाणमा वृद्धि | मेट/वार्षिक | ८९२ | ६७७ |
| उत्पादन परिमाणमा वृद्धि | मेट/वार्षिक | २६९१० | १९१३० |
| विक्री परिमाणमा वृद्धि | मेट/वार्षिक | १२८६४ | ८०२६ |
| संकलन केन्द्रको स्थापना | संख्या | १३ | १३ |

| सूचकहरू | इकाई | लक्ष | प्रगति |
|---|---|---|---|
| प्रति घरधुरी वार्षिक आम्दानीमा वृद्धि (औषत प्रति घरधुरी) | रू./वर्ष | १०८२३० | १२६४३९ |
| प्रति घरधुरी वार्षिक आम्दानीमा वृद्धि (समूह सहकारीमा आवद्ध घरधुरी) | रू./वर्ष | ६६८३१ | ८७६९८ |
| प्रति घरधुरी वार्षिक आम्दानीमा वृद्धि (कृषि उद्यमी) | रू./वर्ष | ८६९९८० | ८०८३८४ |
| रोजगारीमा वृद्धि | कार्यदिन | ३५३४५ | ३१७८० |
| पूर्ण रोजगारी संख्यामा वृद्धि | जना | ९९ | ६८ |
| पूर्ण स्वरोजगारी संख्यामा वृद्धि | जना | ११४० | १०९७ |
| आंशिक स्वरोजगारी संख्यामा वृद्धि | जना | १०३२ | ७३७ |

## आयोजनाको सहकार्यमा कृषि उद्यम केन्द्रले तयार गरेको एस.एम.एस सेवा मार्फत कृषिजन्य बस्तुहरुको दैनिक बजार मद्रल्य लिने तरिका : एक जानकारी

### बजार तथा वस्तुहरुको नाम र SMS कोड

**बजारहरु**

| बजारहरु | कोड |
|---|---|
| बर्दिया | bar |
| बैतडी | bai |
| विर्तामोड | bir |
| धरान | dha |
| बुटवल | but |
| डडेल्धुरा | dade |
| दार्चुला | dar |
| दैलेख | dai |
| दाङ | dan |
| डोटी | do |
| जाजरकोट | jaj |
| जुम्ला | jum |
| कैलाली | kai |
| कालिकोट | kal |
| कालिमाटी | kali |
| नेपालगन्ज | nep |
| सल्यान | sal |
| सुर्खेत | sur |

**फलफूल**

| वस्तु | कोड |
|---|---|
| स्याउ | app |
| स्याउ(चकलेट) | appc |
| स्याउ(जुम्ला) | appj |
| केरा | ban |
| केरा(कालभोग) | banm |
| काँक्रो | cum |
| अंगुर | grap |
| अम्बा | gua |
| रुखकटहर | jacf |
| कागती १०० वटा | lem 100 |
| कागती | lim |
| आंप(दशहरी) | mand |
| आपं(माल्दह) | manm |
| मौसम | sweo |
| आंप | mng |
| सुन्तला | ora |
| मेवा | pap |
| नासपाति | pea |
| भुईकटहर | pin |
| अनार | pom |
| खरबुजा | wat |

**तरकारी**

| वस्तु | कोड | वस्तु | कोड |
|---|---|---|---|
| तीतेकरेला | bitg | मुलासेतो | radw |
| भाण्टा लामो | bril | घ्यू सिमि | swob |
| बरेला | bar | झिंगनी | smog |
| लौका | botg | चिचिण्डा | snag |
| ब्रोकाउली | broc | घिरौला | spog |
| बन्दा | cab | गोलभेंडाठूलो | tomt |
| भेंडे खुर्सानी | cap | गोलभेंडासानो | tomlo |
| गाजर | car | | |
| काउली | cau | | |
| मटरकोसा | cow | | |
| च्याउ | mus | | |
| प्याजसुकेको | oni | | |
| प्याजहरियो | onig | | |
| आलुरातो | potr | | |
| आलुसेतो | potw | | |
| फर्सि | pum | | |
| फर्सिहरियो | squ | | |
| मुलारातो | radr | | |

**मासु**

| वस्तु | कोड |
|---|---|
| कुखुरामासुब्रोइलर | chib |
| कुखुरामासुलोकल | chil |
| माछाआयातीत | fisi |
| माछास्थानीय | fisl |
| रेन्बो ट्राउटमाछा | raitf |
| मासुरांगा | meab |
| खसीक मासु | mut |

**मसला र अन्य**

| वस्तु | कोड |
|---|---|
| अलैचीठूलो | carl |
| अदुवा | gin |
| लसुन | gar |
| बेसारसुकेको | turd |
| मह | hon |
| मुसुरो | len |

**जडिबुटी**

| वस्तु | कोड |
|---|---|
| चुल्ठी | chu |
| तेजपात | tej |
| ओक्रा | oka |
| गुचिच्याउ | gucm |
| जंगली कुरिलो | wila |
| घ्यू कुमारी | alov |
| मेन्था | ment |

प्रयोगकर्तालि आफ्नो मोवाइलको मेसेज बक्समा गएर aec स्पेस बजारको कोड स्पेस बस्तुको कोड टाइप गरी ३७००१ मा Send गर्ने
उदाहरण : aec kali app टाइप गरी ३७००१ मा send गर्ने ।

**प्रेषक**
साना तथा मझौला कृषक आयस्तर बृद्धी आयोजना
आयोजना व्यवस्थापन इकाई
नेपालगंज, बांके

**प्रापक**
..............................................................
..............................................................

Compiled and Published By : RISMFP under ADB supports
मुद्रक : क्यापिटल प्रेस प्रा. लि. फोन : ०८१-५५१४६६